तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
तलकोट, बझाङ्ग
सुदूरपश्चिम प्रदेश,नेपाल

Gmail: ito.muntalkot@gmail.com
talkot.gaupalika@gmail.com
Website: www.talkotmun.gov.np

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१०)

तलकोट गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम) को लागि आवश्यक रोजगार सहायक १ (एक ) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण, कागजात र राजश्व रसिद सहित यस तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रीतपूर्वक आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१-२०८०-०८१ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौं तह वा सो सरह | १ (एक) जना |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको,

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको।

२. दरखास्त दिने स्थानः तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, तलकोट बझाङ्ग।

३. दरखास्त दिने अन्तिम मितिः २०८०/०६/२४

४. दरखास्त दस्तुरःरु ५०० (पाँच सय मात्र)।

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरुः आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

क ) नेपाली नागरीकता।

ख ) न्युनतम योग्यताको लब्धाङ्क प्रमाण पत्र।

ग ) चारित्रिक प्रमाण पत्र।

घ ) आधारभूत कम्प्यूटर सीप सम्बन्धी तालिमको प्रमाण पत्र।

ङ) अनुभव भए सोको प्रमाण पत्र वा कागजात।

च) न्यूनतम शैक्षिक योग्यताका भन्दा माथिल्लो शैक्षिक योग्यता भए सोको प्रमाण पत्र।

छ) २ प्रति पासपोर्ट साईजको फोटो।

७. सेवा सुविधा शर्त तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८ बमोजिम हुनेछ।

(आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धी अन्य विस्तृत जानकारी तलकोट गाउँ पालिकाको वेवसाइट talkotmun.gov.np मा उपलब्ध हुनेछ।)

"दीगो विकास र सुशानको लहर, तलकोट बासीको रहर"

श्रीदेव यादव
प्रमुख प्रशासकीय अधिकृत

श्रीदेव यादव
प्रमुख प्रशासकीय अधिकृत